गाउँबाट शान्ति

चौमासिक ब'लेटिन, संख्या ३, चैत्र २०६६ ( No. 3, March 2010)

# वार्षिक अनुभव आदन-प्रदान तथा नीतिगत पृष्ठपोषण बैठक

नेपाल ग्रामीण पुर्ननिर्माण संस्था (आरआरएन)द्वारा संचालित गाउँबाट शान्ति परियोजनाको वार्षिक अनुभव आदान-प्रदान तथा नीतिगत पृष्ठपोषण बैठक यही चैत्र १६ गते काठमाण्डौंमा सम्पन्न भयो । परियोजनाको उपलब्धी र चुनौतीलाई राष्ट्रिय स्तरका सरोकारवालाहरूसँग आदन-प्रदान गर्ने र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी आगामी क्रियाकलापहरू संचालन गर्ने उद्देश्यका साथ उक्त बैठकको आयोजना गरिएको थियो।



(बाँयाबाट) श्री दुर्गानिधि शर्मा, शान्ति मन्त्री श्री रकम चेम्जोङ, डा. अर्जुन कार्की र श्री एड डिइओ

बैठकको सुरुवातमा आरआरएनका अध्यक्ष डा.अर्जुन कार्कीले गाउँबाट शान्ति परियोजनाको अवधारणा सहभागीहरू समक्ष प्रस्तुत गर्नुभयो भने परियोजना निर्देशक श्री सीमा लुइटेलले विगत एक वर्षको अवधिमा परियोजनाले हासिल गरेका उपलब्धी, अनुभव र चुनौतीहरूलाई सहभागीहरूसमक्ष प्रस्तुत गर्नुभयो । उक्त प्रस्तुति पछि बैठकका सहभागीहरूले परियोजनासम्बन्धमा आ-आफ्ना सुझाव, टिप्पणी र मन्तव्यहरू राख्नु भएको थियो ।

यसै सिलसिलामा शान्ति तथा पुनर्निर्माण मन्त्री श्री रकम चेमजोङले पीवीवी सानो परियोजना भएता पनि यसले समुदायस्तरबाट विकास र शान्ति निर्माण गर्ने नमूनाको विकास गर्ने लक्ष्य राखेको हुनाले यस परियोजनाका सिकाईहरूले राष्ट्रिय स्तरमै दिगो शान्ति स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने धारणा राख्नु भयो । परियोजनाले विकास गर्ने नमूनालाई सरकारले पनि अबलम्बन गर्नसक्ने र आफ्नो मन्त्रालय र स्थानीय शान्ति समितिहरूले यस परियोजनासँग समन्वय गरी सहकार्य गर्ने प्रतिबद्धता समेत उहाँले व्यक्त गर्नुभयो ।

बैठकमा समुदायमा आधारित जनसंगठनहरूका प्रतिनिधिहरूले गाउँबाट शान्ति परियोजना अन्य परियोजनाहरूभन्दा भिन्न रहेको र यसले समुदायको वास्तविक आवश्यकतालाई सम्बोधन गरेको हुनाले यसप्रति समुदायको सकारात्मक धारणा रहेको कुरा उल्लेख गर्नुभयो । उपस्थित सबैजसो सहभागीहरूले गाउँबाट शान्ति परियोजनाको उद्देश्य अत्यन्त राम्रो भएको र परियोजनाले गरीब, आदिवासी, जनजाति सबैलाई समेटेर मेलमिलापको वातावरण सिर्जना गर्ने लक्ष्य लिएकोमा धन्यवाद दिनु भयो ।

बैठकमा शान्ति तथा पुनर्निर्माण मन्त्री श्री रकम चेमजोङ्ग, सोही मन्त्रालयका सह-सचिव श्री दुर्गानिधि शर्मा र उपसचिव सूर्यबहादुर थापा, समाजकल्याण परिषदका प्रतिनिधि श्री राजु जोशी र श्री रत्न शाह, युवा तथा खेलकुद मन्त्रालयका शाखा अधिकृत श्री गोविन्दप्रसाद पराजुली, स्थानीय स्वशासन तथा समुदाय विकास कार्यक्रम (LGCDP) का प्रतिनिधि श्री एस.पी. श्रेष्ठ, गैसस महासंघ नेपालका अध्यक्ष डा. नेत्र तिम्सिना, क्यानाडाली अन्तर्राष्ट्रिय सहयोग नियोगका प्रतिनिधि श्री एड डिइओ, क्यानडाली सहयोग कार्यालयका निर्देशक डा. प्रवीन मानन्धर, लैङ्गिक तथा सामाजिक समावेशीकरण सल्लाहकार श्री जया शर्माका साथै परियोजनाका केन्द्रीय, क्षेत्रीय र जिल्ला कार्यालयका कर्मचारीहरूको समेत सहभागिता रहेको थियो ।

यस अंकमा

लेख/रचनाः

- परियोजनामा द्वन्द सवेदनशीलता
- दिगो शान्ति स्थापनाको निम्ति ग्रामीण विकासको भूमिका

परियोजना गतिविधिः

लेख

# परियोजनामा द्वन्द सवेदनशीलता

– **सीमा लुईटेल**, कार्यक्रम निर्देशक (पीवीवी)

समाजमा विद्यमान आर्थिक, सामाजिक, वर्गीय र राजनैतिक आदि विषमताका कारण द्वन्द्वको जन्म हुन्छ । द्वन्द आफैमा नकारात्मक हुदैन । द्वन्द्वको परिणामस्वरुप समाजमा कैयौं सकारात्मक परिवर्तन पनि हुने गर्दछ । समाज परिवर्तन, सोंचमा परिवर्तन र विकासलाई प्रभावकारी तथा दिगो बनाउनको लागि पनि विभिन्न वैकल्पिक विचारहरूको बीचमा द्वन्द्वको आवश्यकता पर्दछ ।

सामान्यतः हामीकहाँ द्वन्द्वलाई हिंसाको प्रर्यायवाचीको रूपमा पनि बुझिने गरिएको पाइन्छ । हिंसा द्वन्द्वको पराकाष्टा भएतापनि सबै द्वन्द्वहरू हिंसाको स्तरमा पुग्दैनन् । बरु द्वन्द्वले यथास्थितिमा परिष्कार वा सुधार खोजेको हुन्छ । तसर्थ हामी द्वन्द्वलाई समाजिक परिवर्तन र यसलाई रुपान्तरण गर्ने तत्वको रूपमा लिन सक्छौं । अर्थात्, हरेक द्वन्द्वमा हिंसा हुदैन र वैचारिक मतभेदले सकारात्मक सोंच र परिवर्तनका सम्भावनालाई प्रबल बनाउँछ भन्ने कुरालाई हामीले बिर्सन हुदैन ।

उदाहरणको लागि, नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्वमा भएका हिंसालाई एक क्षणको लागि आँखा चिम्लिने हो भने, यसले नेपाली समाजमा विभिन्न सकारात्मक परिवर्तनहरू पनि ल्याएको कुरालाई हामी अनुभूति गर्न सक्तछौं । नेपाली समाजमा विद्यमान बैचारिक मतभेद वा द्वन्द्वकै उपजको रूपमा सामाजिक र राजनैतिक क्षेत्रमा आएका सकारात्मक परिवर्तनहरू विश्वको लागि एक नमूना भएको छ । जातीय, भाषिक, वर्गीय, लैङ्गिक र अन्य विभिन्न क्षेत्रमा देखा परेका परिवर्तन र चुनौतिहरूलाई सकारात्मक ढङ्गले

**हरेक द्वन्द्व सवेदनशील परियोजनाले पनि सर्वप्रथम आफ्नो कार्यक्षेत्रमा विद्यमान परिस्थिति, सर्न्दभ र पृष्ठभूमिलाई विश्लेषण गरेर मात्र आफ्ना कार्यक्रम आगाडी बढाउनु पर्दछ । साथै परियोजनाले आफ्ले संञ्चालन गरेको क्रियाकलापले कार्यक्षेत्रमा रहेको द्वन्द्वलाई सकारात्मक वा नकारात्मक कस्तो प्रभाव पर्छ भन्ने कुराको विश्लेषण गरिनु अत्यन्त जरुरी छ ।**

समाधान गर्न सकिएको खण्डमा मुलुकमा दिगो शान्ति स्थापना हुने र समृद्ध नयाँ नेपालको निर्माणका लागि मार्गप्रशस्त हुने कुरामा सन्देह छैन । तसर्थ द्वन्द्वलाई कसरी बुझ्ने भन्ने कुराले मात्रै पनि हाम्रा बुझाई, व्यवहार र गराईमा धेरै फरक पार्दछ ।

हरेक द्वन्द्व सवेदनशील परियोजनाले सर्वप्रथम आफ्नो कार्यक्षेत्रमा विद्यमान परिस्थिति, सर्न्दभ र पृष्ठभूमिलाई विश्लेषण गरेर मात्र आफ्ना कार्यक्रम आगाडी बढाउनु पर्दछ । साथै परियोजनाले आफूले संञ्चालन गरेको क्रियाकलापले कार्यक्षेत्रमा रहेको द्वन्द्वलाई सकारात्मक वा नकारात्मक कस्तो प्रभाव पर्छ भन्ने कुराको विश्लेषण गरिनु अत्यन्त जरुरी छ । यस्तो विश्लेषणले कार्यक्रमलाई कुन गतिमा परिवर्तन गर्ने, परियोजनाका रणनीतिलाई कसरी द्वन्द्वसंवेदशील बनाउने भन्ने कुराको मार्ग निर्देशन समेत दिन्छ । यस्तो विश्लेषणले कार्यक्रमलाई प्रभावकारी, समयसापेक्ष र द्वन्द्व संवेदनशील हुनको लागि पनि मद्दत पुऱ्याउँदछ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा संचालित 'गाउँबाट शान्ति' परियोजनाले पनि आफ्ना क्रियाकलापले समुदायको विकासमा के कस्ता (सकारात्मक र नकारात्मक) प्रभावहरू पार्न सक्दछ भनी विश्लेषण गर्नका लागि 'शान्ति तथा द्वन्द्व प्रभाव मूल्याङ्कन औजार (Peace and Conflict Impact Assesment Tool)' को विकास गरेको छ । यस परियोजनाले उक्त औजारको प्रयोग गरी परियोजना क्रियाकलापले गाउँ, समुदाय, वर्ग र व्यक्ति-व्यक्तिको बीचमा द्वन्द्वकालमा भएका तिक्तता बैरभाव र मनमुटावलाई हटाई मैत्रीभाव, द्वेषरहित विश्वास र सह-अस्तित्वको भावना जगाई मेलमिलाप र पुनर्समिलनको वातावरण सृजना गर्न सहजीकरण गर्न सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिइएको छ ।

प्रकाशकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वी नेपालका संखुवासभा र भोजपुर जिल्लामा संचालित गाउँबाट शान्ति कार्यक्रम र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघ-संस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघ-संस्थाहरू तथा ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'गाउँबाट शान्ति' नामक चौमासिक बुलेटिनको तेस्रो अङ्क यहाँहरूको हातमा छ ।

यस बुलेटिनमार्फत् आरआरएनले संखुवासभा र भोजपुर जिल्लामा सञ्चालित गाउँबाट शान्ति कार्यक्रम लगायत अन्य कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ ।

# दिगो शान्ति स्थापनाको निम्ति ग्रामीण विकासको भूमिका

– **राजेन्द्र अधिकारी**, परियोजना संयोजक, पीवीवी, भोजपुर

धेरै जनता गाउँमा बस्ने भएकाले सहभागितात्मक ग्रामीण विकास र दिगो शान्ति स्थापना एक आपसमा आश्रित छन् । नेपालको ग्रामीण क्षेत्रमा सामाजिक, सांस्कृतिक, भौगोलिक र पहुँचको आधारमा विविधता रहेको पाइन्छ । त्यसकारण ग्रामीण विकासको रणनीति जात/जाति, लैङ्गिक र भौगोलिकताको आधारमा रहेको असमानताहरूलाई संबोधन गर्ने खालको हुनु जरुरी छ । नत्र भने त्यस्ता रणनीतिहरूले ग्रामीण विकासमा सहयोग पु-याउन सक्दैनन् र अरु नयाँ द्वन्द्वको सृजना हुन सक्दछ ।

भौगोलिक विकटता र केन्द्रिकृत राज्य प्रणालीको कारण नेपालको ग्रामीण क्षेत्र विकासको कृयाकलापहरूबाट टाढा रहेको छ । फलस्वरुप त्यस ठाउँका जनताहरू जीवन र जीविकाका आधारभूत सुबिधाहरूको पहुँचबाट समेत बञ्चित पारिएका छन् । त्यस्तै नेपालका महिलाहरू एतिहासिक रूपमा नै असमान विकासको मारमा परेका छन् । आर्थिक स्रोतहरूमा महिलाको पहुँच नहुनु, निर्णय प्रक्रियामा उनीहरूलाई उपेक्षा गरिनु, शैक्षिक अवसरहरूमा पूर्वाग्रह राख्नु आदि असमान विकासको प्रतिफलको रूपमा लिन सकिन्छ ।

स्थानीय स्तरको सामाजिक सांस्कृतिक परिवेश र मूल्य मान्यताले त्यस ठाउँको विकास र शान्ति प्रक्रियाको दिगोपनको लागि निर्णायक भूमिका खेल्न सक्छ । राज्यबाट तयार गरिने विकासको अवधारणा र शान्ति स्थापनाको प्रक्रियामा ग्रामीण जनताहरूको भावना र स्थानीय सामाजिक सांस्कृतिक मान्यतालाई समेटिएको पाइँदैन । यिनै कुराहरूको धरातलमा ग्रामीण विकासको रणनीति सफल हुने वा नहुने कुरा निहित रहेको हुन्छ ।

ग्रामीण समुदायको सकृय सहभागिता सहितको ग्रामीण विकास, मेलमिलाप र दिगो शान्ति स्थापनाको निम्ति अपरिहार्य देखिन्छ । किनभने हिजोको ग्रामीण विकास नीति नै विगतको द्वन्द्वको एउटा मुख्य कारण थियो । नेपालमा अबलम्बन गरिएका विगतका विकास नीतिहरू केन्द्रबाट गाउँमा लादिएको (Top Down) केन्द्रमूखी विकास नीति भएकाले तिनले ग्रामीण समुदायको आवश्यकता र हितअनुरुप कार्य गर्न सकेनन् र त्यस्ता नीतिहरू असफल भए । यस्ता घटना क्रमहरू दोहोरिरहँदा ग्रामीण जनतामा नैराश्यता पैदा भई द्वन्द्वको स्थिति सृजना हुन गएको पाइन्छ ।



विकास परियोजनाले लक्षित उद्देश्य प्राप्त गर्नका लागि पछाडि पारिएको समुदायहरू सँगसँगै काम गर्नुपर्छ र उनीहरूलाई सशक्तिकरण गर्दै निर्णय प्रक्रियामा सहभागी गराइनु पर्दछ भन्ने अवधारणाको विकास सन् १९८० को दशकमा भएको हो । यस अवधारणाको मुख्य प्रवक्ता विकास विज्ञ रबर्ट चेम्बर हुन् । उनको तर्क छ–जो प्रायः सधैं पछाडि पारिएका छन् र जसको आवाज सुनिदैन, त्यस्ता व्यक्ति र समुदायलाई सशक्तिकरण गरी निर्णय प्रक्रियामा सहभागी गराइनु पर्दछ र तिनीहरूलाई केन्द्रविन्दूमा राखेर ग्रामीण विकासका कार्यक्रमहरू तयार गर्नुपर्दछ ।

यसरी ग्रामीण जनताहरूको प्रत्यक्ष सहभागितामा विकासका क्रियाकलापहरू संचालन गर्दा आफ्नो ठाउँको विकासको निम्ति विभिन्न चरणमा आपसी छलफल गर्नुपर्ने हुन्छ । त्यस्ता छलफलहरूमा स्थानीय स्तरका राजनैतिक दलका प्रतिनिधिहरू, बुद्धिजीवी, नागरिक समाज तथा सर्बसाधारण जनता उपस्थित हुने हुँदा एकआपसमा मेलमिलापको वातावरण सृजना हुन्छ । ग्रामीण जनताको निम्ति आधारभूत आवश्यकता पूरा गर्ने कुरा महत्वपूर्ण हुने भएको हुँदा त्यस्ता कुराहरूको विकास परियोजनालाई बढी प्राथमिकता दिइनु पर्दछ । यसकारण देशमा दिगो शान्ति स्थापनाको लागि समुदाय स्तरबाट सुरु भएको मेलमिलापको अभ्यास र सहभागितात्मक ग्रामीण विकासको नीति र कार्यक्रमहरूलाई अगाडि बढाइनुपर्दछ ।

## जिल्लास्तरीय वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा संचालित गाउँबाट शान्ति परियोजना अन्तर्गत जिल्ला स्तरीय बार्षिक समीक्षा तथा योजना तर्जुमा एक दिने गोष्ठी गत फागुन महिनामा संखुवासभा तथा भोजपुर जिल्लामा सम्पन्न गरियो । यस गोष्ठीको प्रमुख उद्देश्य हालसम्म भएका परियोजनाका उपलब्धी, सिकाई तथा चुनौतीहरूलाई प्रस्तुत गर्दै आगामी बर्षको कार्यक्रमका बारेमा संक्षिप्त जानकारी दिनु रहेको थियो । उक्त गोष्ठीहरू दुवै जिल्लाको जिल्ला सदरमुकाममा सपन्न भएको थियो ।

गोष्ठीमा सम्बन्धित जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, विभिन्न राजनैतिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि तथा परिययोजनामा सहकार्य गर्ने समुदायमा आधारित जनसंगठनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । दुवै जिल्लाका जिल्ला विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय, अन्य सरकारी कार्यालयहरू, जस्तै- कृषि, पशु, शिक्षा, घरेलु, वन, मकालु बरुण राष्ट्रिय निकुञ्जका साथै शान्ति समितिका प्रमुख तथा विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरूले परियोजनाप्रतिको आफ्नो धारणा राख्नुका साथै सल्लाह र सुझाव पनि दिएका थिए । उक्त दुवै गोष्ठीमा लगभग १०० भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रमको अन्तमा परियोजना अधिकृतहरूबाट गाउँबाट शान्ति परियोजनालाई एउटा नमूनाको रूपमा प्रस्तुत गर्ने र विभिन्न सरोकारवाला-हरूसँग समन्वय गर्दै कार्यक्रम प्रभावकारी ढंगबाट आगामी वर्षहरूमा संचालन गर्ने प्रतिबद्धता जाहेर गरियो । साथै विभिन्न सरोकारवालाहरूद्वारा समन्वय र सहकार्यमा सहयोग गर्ने आश्वासन पनि व्यक्त गरिएको थियो ।

## स्थानीय आवश्यकता पहिचानसम्बन्धी तालिम

गाउँबाट शान्ति परियोजना, संखुवासभा अन्तर्गत विभिन्न गा.वि.स.हरूमा छुट्टा छुट्टै दुई दिने स्थानीय आवश्यकता पहिचान तथा प्राथमिकीकरण तालिम गत कार्तिक, मंसीर र पुस महिनामा सम्पन्न भयो । जसमा युवा क्लव तथा विभिन्न समुदायमा आधारित संघसंस्थाहरूको ३१ पुरुष र ४८ महिला गरी जम्मा ८१ जना महिला, दलित, जनजाति तथा प्रत्यक्ष तथा अप्रत्यक्ष द्वन्द्वमा परेका व्यक्तिहरूको सहभागिता रहेको थियो ।

सो तालिममा छलफलको माध्यमबाट भौतिक, मानवीय स्रोत र साधनमा पहुँचका लागि आवश्यकता पहिचान तथा प्राथमिकीकरण र जीविकोपार्जनका आधारहरू र सम्भावनाका आधारमा स्थानीय आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गरी सोही अनुसार समुदायमा विभिन्न किसिमका क्रियाकलापहरू सञ्चालन गर्ने भनी तालिमका सहभागीहरूले प्रतिवद्धता व्यक्त गरे ।



*तालिमका सहभागीद्वारा समूह प्रस्तुति गरिँदै, (धुपु, संखुवासभा)*

यसैगरी भोजपुर जिल्लाका किमालुङ्ग, खार्ताम्छा र हेलौंछा गाविसमा पनि स्थानीय आवश्यकता पहिचानसम्बन्धी तालिम सोही अवधिमा सम्पन्न गरियो । सो कार्यक्रममा समूहगत छलफलद्वारा आवश्यकता पहिचान गर्ने कार्य भयो र उनीहरूलाई सम्बन्धित निकायहरूसँग कार्यक्रम मागको लागि कसरी र कुन तरिकाबाट माग गर्ने भन्ने विषयमा जानकारी गराइएको थियो । सो कार्यक्रममा कुल २० जना महिला र ६८ जना पुरुषको सहभागिता रहेको थियो ।

## जीविकोपार्जनका आधारहरूसम्बन्धी आवश्यकता पहिचान अध्ययन

संखुवासभा र भोजपुर जिल्लाका विभिन्न गा.वि.स.हरूमा आयआर्जनको क्षेत्रमा के कस्ता आधारहरू, अवसरहरू छन् र ती अवसरहरूलाई उपयोग गरेर गरीब, दलित, महिला तथा प्रत्यक्ष/अप्रत्यक्ष द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको जीविकोपार्जनमा थप टेवा पुग्न सकोस् भन्ने उद्देश्यले जीविकोपार्जनका आधारहरूसम्बन्धी आधारभूत अध्ययन कार्य सम्पन्न भएको छ । उक्त अध्ययन संखुवासभा जिल्लाका खाँदबारी नगरपालिका, नुम र खराङ गाविस तथा भोजपुर जिल्लाका देउराली, किमालुङ, बोया र प्याउली गाविसमा गरिएको थियो । अध्ययनले भौगोलिक क्षेत्र, बजार तथा अन्य स्थानीय स्रोतहरूको उपलब्धताको आधारमा दिगो जीविकोपार्जनका आधारहरूको पहिचान भई विभिन्न विकासे संस्थाहरू तथा सरकारी कार्यालयहरूले पनि त्यसैलाई आधार मानी आयआर्जन तथा जीविकोपार्जनको क्षेत्रमा काम गर्न थप टेवा पुग्न सक्ने विश्वास गरिएको छ ।

## स्वरोजगारीका लागि बंगुरपालन तालिम

प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले द्वन्द्वमा परेका, गरीब, महिला तथा ग्रामीण भेगका समुदायहरूलाई गाउँघरमा नै सानो व्यवसाय गरी स्वरोजगारको अवसर सिर्जना गर्ने उद्देश्यले गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत गत मंसीर महिनामा संखुवासभा जिल्लाका नुम, खराङ र बानेश्वर गा.वि.स.हरूमा पाँचदिने बंगुरपालनसम्बन्धी सीपमूलक तालिम संचालन गरियो । उक्त तालिममा १६ पुरुष र २७ महिला गरी जम्मा ४३ जना युवा तथा अगुवा कृषकहरूको सहभागिता रहेको थियो ।

## आधारभूत स्वास्थ्य तथा सरसफाई तालिम

आरआरएन, गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत संखुवासभा जिल्लाका विभिन्न गा.वि.स.का नौवटा समुदायमा आधारित संघसंस्था तथा क्लबहरूको अगुवाईमा आधारभूत स्वास्थ्य तथा सरसफाईसम्बन्धी छुट्टाछुट्टै दुई दिने तालिम गत पुस महिनामा सम्पन्न भयो । परियोजनाका सामुदायिक स्वास्थ्य अधिकृत विना अधिकारीले सहजीकरण गर्नुभएको सो तालिम सम्बन्धित गा.वि.स.का स्वास्थ्य चौकीसँग समन्वय गरी सञ्चालन गरिएको थियो । तालिममा १७६ पुरुष र १७४ महिला गरी जम्मा ३५० जनाको सहभागिता रहेको थियो । उक्त तालिममा स्थानीय क्षेत्रमा देखापरेका मुख्य-मुख्य स्वास्थ्यसम्बन्धी समस्याहरूको बारेमा समभागितामूलक छलफल गराइनुको साथै समुदायमा जनचेतनामूलक ऱ्यालीको पनि आयोजना गरिएको थियो ।

यसैगरी  भोजपुर जिल्लाको बोया, हेलौंछा, तिवारीभञ्ज्याङ्ग, जरायोटार, चरम्बी र प्याउली गाविसका १२ वटा समुदायमा आधारित जनसंस्थाहरूको अगुवाइमा आधारभूत स्वास्थ्य तथा सरसफाई तालिम सम्पन्न भयो । गाउँबाट शान्ति परियोजना र जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा संचालित उक्त तालिमहरूमा सामुदायिक स्वास्थ्य अधिकृत रक्षा निरौला तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीले सहजिकरण गर्नुभएको थियो । सो तालिमहरूमा समुदायमा आधारित जनसंस्थाहरूका सदस्य लगायत त्यस समुदायका अन्य व्यक्तिहरू समेत गरी २३० जना महिला र १७२ जना पुरुषहरूको सहभागिता रहेको थियो । तालिममा सरसफाईजन्य रोगहरूको सर्ने विधि, रोकथाम, आदिका साथै स्वाइन फ्लूको बारेमा जानकारी गराइएको थियो । तालिमको अन्तिम दिन स्वास्थ्यसम्बन्धी कार्ययोजना बनाउनुका साथै आफ्नो समुदायलाई खुल्ला दिसा मुक्त क्षेत्र बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## सामुदायिक भवन उद्घाटन

धर्मदेवी महिला समूह र मुखिया टोल विकास संस्थाको सक्रिय सहभागिता र नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), गाउँबाट शान्ति कार्यक्रम, संखुवासभाको सहयोगमा नवनिर्मित खाँदबारी नगरपालिका-५ सेकाहा स्थित मिर्मिरे सामुदायिक भवनको उद्घाटन यहि पौष १२ गतेका दिन एक भव्य समारोहका बीच  सम्पन्न भयो । सो भवनको उद्घाटन आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीले गर्नुभएको थियो । सो उद्घाटनको अवसरमा विभिन्न किसिमका सांस्कृतिक कार्यक्रमहरूको पनि आयोजना गरिएको थियो ।

सोही अवसरमा भवन निर्माण कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने समाजसेवीहरूलाई सम्मान पनि गरिएको थियो । धर्मदेवी महिला समूह र मुखिया टोल विकास संस्थाको सक्रिय सहभागितामा निर्माण भएको सो भवन आरआरएनको तर्फबाट रु. ३,३२,००० र समुदायको तर्फबाट जग्गा र अन्य गरी जम्मा ६,६९,००० गरी कुल जम्मा रु. १०,०१,००० को लागतमा सम्पन्न भएको थियो ।

कार्यक्रममा आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीले समुदायको अगुवाईमा निर्माण भएको सो भवनको सराहना गर्दै आगामी दिनहरूमा सो भवनमा विभिन्न खालका सांस्कृतिक कार्यक्रमहरू, वैठकहरू साथै आयआर्जन हुने खालका क्रियाकलापहरू गरी सो भवनको अधिकतम उपयोग हुने विश्वास व्यक्त गर्नुका साथै गाउँघरमा एक आपसमा छलफल गर्ने गराउने र मेलमिलापको वातावरण सिर्जना भई दिगो शान्ति स्थापनामा थप टेवा पुग्न सक्ने कुरा बताउनुभयो ।

## शान्ति र द्वन्द्वका प्रभाव मुल्याङ्कन कार्यशाला गोष्ठी



द्वन्द्व तथा शान्ति प्रभाव मूल्याङ्कन कार्यशालामा सहभागीहरू

गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत यहि पौष ५ देखि ८ गते सम्म सामुदायिक अध्ययन तथा तालिम केन्द्र तुम्लिङटारमा शान्ति र द्वन्द्वका प्रभाव मूल्याङ्कन विषयक कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा भोजपुर र संखुवासभाका कर्मचारीहरू समुदायमा आधारित संघ संस्थाका प्रतिनिधिहरू, गा.वि.स.सचिवहरू, जि.वि.स. प्रतिनिधि, नागरिक समाज साथै शान्ति समितिका प्रतिनिधिहरू सहित जम्मा ३५ जना सहभागीहरूको सक्रिय सहभागिता रहेको छ ।

कार्यशालामा समुदायको विकासमा कुनै पनि बाहिरी सहयोगले द्वन्द्व व्यवस्थापन/रुपान्तरण र शान्ति स्थापनामा कस्तो प्रभाव पारेको छ, शान्ति स्थापना र दिगो विकासमा कसरी योगदान गर्न सक्छ र कार्यक्रमहरूलाई अझ बढी परिणाममूखी बनाउन के कस्ता क्रियाकलापहरू गर्न सकिन्छ भन्ने कुरा समूहगत अभ्यास र छलफलको माध्यमबाट सञ्चालन गरिएको थियो ।

## लोकगीत प्रतियोगिता

समुदायमा आधारित विभिन्न संघसंस्थाहरूको अगुवाई तथा आरआरएन, गाउँबाट शान्ति कार्यक्रमको सहयोगमा यही मंसीर २५ गते विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा संखुवासभा जिल्लाको खराङ बजारमा लोकगीत प्रतियोगिताको आयोजना गरिएको थियो । सो प्रतियोतिामा  खराङ र बानेश्वरका विभिन्न समूह तथा स्थानीय संघ-संस्थाका लोकगीत समूहहरूले भाग लिएका थिए । सो प्रतियोगितामा मानवअधिकार, बालअधिकार र महिलाअधिकारसम्बन्धी गीतहरू सन्देशको रूपमा प्रस्तुत गरिएको थियो । लोकगीत

प्रतियोगिता अवलोकनका लागि आसपासका विभिन्न गा.वि.स.हरूबाट करीब ५०० को संख्यामा स्थानीय जनसमुदाय दर्शकको रूपमा उपस्थित भएका थिए । कार्यक्रममा स्थानीय समाजसेवीहरू, शिक्षकहरू तथा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो । प्रतियोगितामा केही उत्कृष्ट टोलीहरूलाई पुरस्कारको पनि व्यवस्था गरिएको थियो ।

## विद्यालय भवन मर्मत कार्य सम्पन्न

आरआरएनको सहयोग तथा संखुवासभा जिल्लाको खराङ स्थित शारदा मा.वि. र प्रगति सामुदायिक संस्थाको सक्रिय सहभागितामा शारदा मा.वि. खराङको तीन कोठे विद्यालय भवनको मर्मत कार्य गत पुस महिनामा सम्पन्न भयो । जसमा आरआरएनको तर्फबाट रु. ४,४६,७४० सहयोग भएको थियो भने विद्यालय तथा समुदायको तर्फबाट नगद र श्रमदान सहित २,९२,७१ गरी जम्मा रु. ७,३९,४५२ को लागतमा सो भवन मर्मत सम्पन्न भएको थियो ।



*शारदा मा.वि.को नवनिर्मित भवन, खराङ, संखुवासभा*

## महिला हिंसाविरुद्ध कार्यक्रममा सहभागिता

विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा एकल महिला समूह, सिर्जनशील महिला मञ्च, महिला सञ्जाल संखुवासभाको अगुवाई तथा गैरसरकारी महासंघ, संखुवासभा, महिला विकास कार्यालय, आरआरएन तथा अन्य सरकारी कार्यालयहरू तथा विभिन्न संघसंस्थाहरूको समन्वयमा संखुवासभाको खाँदबारीमा गत पौष २३ र २५ गते महिला हिंसा विरुद्धको अभियान ऱ्याली तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अवसरमा महिला हिंसा र मानवअधिकारसम्बन्धी विभिन्न नाराहरू लेखिएका ब्यानर र प्लेकार्डहरू सहितको ऱ्यालीले नगरपरिक्रम गरी जि.वि.स.मा अन्तरक्रिया तथा छलफल कार्यक्रममा परिणत भएको थियो । अन्तरक्रिया कार्यक्रममा विभिन्न कार्यालयका प्रतिनिधि तथा समूहका महिलाहरूले महिला हिंसा तथा मानवअधिकारको बारेमा भएका विकृतिका बारेमा आवाज उठाउनुभएको थियो ।उक्त कार्यक्रममा संखुवासभा जिल्लामा मानवअधिकार तथा महिला र घरेलु हिंसाको न्यूनिकरणको लागि भएका कार्यक्रमहरूको बारेमा पनि छलफल तथा अन्तरक्रिया भएको थियो ।

## योजना तर्जुमा तालिम सम्पन्न

भोजपुर जिल्लाको १० वटा गा.वि.स.हरूमा रहेका ३९ वटा समुदायमा आधारित जनसंस्थाहरूका लागि *गाउँबाट शान्ति परियोजना* मार्फत् योजना तर्जुमासम्बन्धी तालिमको आयोजना गरिएको थियो । उक्त तालिममा समुदायमा आधारित जनसंस्थाका सदस्यहरूले स्थानीय आवश्यकताको पहिचान गरी ती आवश्यकताहरूको प्राथमिकिकरणका साथै कार्य योजना सामुहिक छलफल विधिद्वारा बनाउनुभएको थियो । सो छलफल कार्यक्रममा महिलाहरूको पनि उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा कुल ३२६ जना पुरुष र २९७ जना महिलाको उपस्थिति थियो ।

## अधिकारमूखी विकाससम्बन्धी तालिम

समुदायमा आधारित जनसंस्थाहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ *गाउँबाट शान्ति परियोजना* मार्फत् अधिकारमूखी विकासको अवधारणासम्बन्धी तीनदिने तालिम ती संस्थाका सदस्यहरूलाई दिइएको थियो । उक्त तालिममा आधारभूत अधिकार, बहस पैरबी, स्थानीय सरकार, असल शासन, मौलिक अधिकार, नागरिक समाज र लैङ्गिक तथा सामाजिक समाबेशिकरणसम्बन्धी विषयहरू समेटिएका थिए । तालिम सामुहिक छलफल, कथा, खेल भूमिका, मस्तिष्क मन्थन आदि सहभागितात्मक विधिद्वारा संचालन गरिएको थियो । भोजपुर जिल्लाको किमालुङ्ग, खार्ताम्छा र हेलौंछा गा.वि.स.का समुदायमा आधारित जनसंस्थाहरूका लागि संचालन गरिएको उक्त तालिममा कुल ३२ जना पुरुष र ५३ जना महिलाहरूको सहभागिता रहेको थियो ।

यसैगरी संखुवासभा जिल्लाका खराङ, बानेश्वर र आँखिभुईं गा.वि.स.मा पनि समुदायमा आधारित जनसंस्थाहरूका पदाधिकारीहरूका लागि तीन दिने अधिकारमूखी विकाससम्बन्धी तालिम गत पुस महिनामा संचालन गरिएको थियो । सो तालिममा २५ पुरुष र ४४ महिला गरी जम्मा ६९ जना सहभागीहरूको सहभागिता रहेको थियो ।

## खाद्य तथा गैरखाद्य सामग्री वितरण

द्वन्द्व प्रभावित व्यक्ति तथा उनीहरूको परिवारहरूले मानवीय सहायता खोजिरहेका बेला गाउँबाट शान्ति परियोजनाले समुदायमा आधारित जनसंस्थाको सिफारिसमा दुईजना द्वन्द्व प्रभावित व्यक्ति तथा उनीहरूको परिवारहरूलाई राहत स्वरुप खाद्य तथा गैह्रखाद्य सामग्री वितरण गरियो । सहयोग प्राप्तकर्ताहरूले उक्त सामग्रीहरू आयआर्जनसम्बन्धी क्रियाकलापमा लगानी गर्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

## छात्रावृत्ति वितरण

गाउँबाट शान्ति कार्यक्रम अर्न्तगत द्वन्द्व प्रभावित र अत्यन्तै गरीब तथा बिपन्न परिवारका बालबालिकाहरूलाई विद्यालयहरूको माग तथा समुदायमा आधारित जनसंस्थाहरू र गाविसहरूको सिफारिसमा भोजपुरको १० वटा गाविसमा जम्मा ४०० जना बालबालिकाहरूलाई छात्रावृत्ति सहयोग उपलब्ध गराइएको छ ।

परियोजना गतिविधि

## एच.आई.भी/एड्स रोकथामसम्बन्धी जनचेतना

एच.आई.भी/एड्स रोकथाम, उपचार हेरचाह तथा सहयोगमा सबैको पहुँच बढाउनु मानवअधिकारको महत्वपूर्ण पक्ष हो । एच.आई.भी/एड्स सम्बन्धी सही जानकारी सुनिश्चित भए मात्र ती सेवाहरूमा सबैको पहुँच हुन सक्छ भन्ने हेतुले गाउँबाट शान्ति कार्यक्रमले एच.आई.भी/एड्स सम्बन्धी "होस् पुऱ्याउ" विषयक सडक नाटक भोजपुर जिल्लाको प्याउली गा.वि.स. स्थित शारदा उच्च मा.वि.को प्राङ्गणमा सम्पन्न भएको थियो । उक्त नाटकको सन्देश एच.आई.भी./एड्स लागेका कुनै पनि व्यक्तिहरूलाई हेला अपमान गर्नुहुदैन, उनीहरूलाई माया र सद्भावको दृष्टिले हेरिनुपर्छ र यसबाट बच्ने उपायको बारेमा पनि सन्देश दिइएको थियो । सो नाटकमा करिब ५०० जनाको उपस्थिति रहेको थियो ।

## घुम्ती कोष सहयोग

समुदायमा आधारित जनसंस्थाहरूलाई अनुगमन तथा उनीहरूको स्थितिलाई अवलोकन गरी गाउँबाट शान्ति परियोजनाको जीविकोपार्जन अधिकृतको सिफारिसमा ८ वटा समूहहरूलाई घुम्तिकोष प्रदान गरिएको छ । सो घुम्तिकोष आफ्नो जनसंस्थाका सदस्यहरूलाई न्यून ब्याजदरमा उपलब्ध गराई आयआर्जनसम्बन्धी क्रियाकलापमा लगानी गरिएको छ । यसरी घुम्तीकोष प्राप्त गर्ने जनसंस्थाहरूको नाम यस प्रकार रहेको छ -

- सिंहदेवी समाज सेवा समिति, प्याउली-८
- जगनटार कबुलियति वन समूह, चरम्बी-४
- सृजना युवा क्लब, चरम्बी-९
- जनआस्था बचत तथा ऋण सहकारी संस्था, चरम्बी-७
- गाविस स्तरीय सामुदायिक बन उपभोक्ता समिति, तिवारीभञ्ज्याङ्ग
- नमुना कृषक समूह, चरम्बी-६
- त्रिवेणी प्रगतिशील समूह, प्याउली-९
- नवलपुर प्याउली समाज सेवा समिति, प्याउली-१

## कृषि तथा गैरकृषिसम्बन्धी तालिम सम्पन्न

बेमौसमी तरकारी खेतीसम्बन्धी पाँच दिने तालिम गत पुस ५ देखि ९ गतेसम्म भोजपुरको देउराली गाविसमा सम्पन्न भयो । उक्त तालिममा १८ जना महिला र १२ जना पुरुषको सहभागिता रहेको थियो । सो तालिममा नर्सरी व्यवस्थापन, विभिन्न जातका तरकारी खेती गर्ने विधि (गोलभेंडा, काउली, खुर्सानी, बन्दा, काँक्रा, फर्सी, सागपात), विभिन्न खाले रोग तथा रोकथामसम्बन्धी जानकारी गराइएको थियो । उक्त तालिमका सहभागीहरूलाई सम्बन्धित व्यावसाय गर्नको लागि वीऊ पनि उपलब्ध गराइएको थियो ।

## वीऊपूँजी सहयोग

गाउँबाट शान्ति परियोजना, भोजपुर अर्न्तगत विभिन्न आयआर्जनसम्बन्धी तालिमका सहभागीहरूलाई उनीहरूले गरेको सिकाईहरू व्यवहारमा लागु गरेका व्यक्तिहरूलाई जीविकोपार्जनको लागि वीऊपूँजी सहयोग उपलब्ध गराइएको छ । सो वीऊपूँजी अनुगमन गरी जीविकोपार्जन अधिकृत सन्तोष तामाङको सिफारिसको आधारमा वितरण गरिएको छ । यस अर्न्तगत ८ जना समुदायका व्यक्तिहरूलाई यस्तो वीऊपूँजी वितरण गरिएको छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम सम्पन्न

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी तीनदिने तालिम भोजपुर जिल्लाकाको प्याउली र जरायोटार गाविसमा गत पुस महिनामा सम्पन्न भयो । सो तालिम गाउँबाट शान्ति परियोजना र सामुहिक अभियान बीच समन्वय गरी सञ्चालन गरिएको थियो । सो तालिममा ४२ जना महिला र २१ जना पुरुषको सहभागिता रहेको थियो । समाजमा रहेको असमानताहरूलाई हटाउनको लागि तालिमको अन्तिम दिन सहभागीहरूले कार्ययोजना बनाएका थिए ।

## बालअधिकार तथा मानवअधिकार दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न



*बालअधिकार दिवसको उपलक्ष्यमा निकालिएको ¥यालीमा सहभागी बालबालिकाहरू*

२० औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको उपलक्ष्यमा गाउँबाट शान्ति परियोजना, भोजपुर र जिल्ला बालकल्याण समिति भोजपुरको साझेदारीमा बाल विकासको लागि बालअधिकार र शान्ति विषयक ¥याली, अन्तरविद्यालय चित्रकला प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता भोजपुर सदरमुकाममा आयोजना गरिएको थियो । सो कार्यक्रममा १२ विद्यालय सहित ३०० जनाको सहभागिता रहेको थियो । त्यस कार्यक्रममा वक्तृत्वकलामा प्रथम सगरमाथा स्कूलका श्री देवन धमाल, द्वितीय सिद्धकाली ईङ्गलिस स्कूलका श्री पुकारमनि राई, तृतीय पञ्चकन्या मा.वि.की श्री बर्षा राई र सान्त्वना यशोधरा मा.वि.का श्री गोपीकृष्णलाई प्रमुख जिल्ला अधिकारीले पुरस्कार वितरण गर्नुभएको थियो । त्यसैगरी चित्रकलामा प्रथम हुने सिद्धकाली ईङ्गलिस स्कूलका निच्चाहाङ्ग राई, द्वितीय यशोधरा मा.वि.का निरोज श्रेष्ठ, तृतीय हुने सगरमाथा स्कूलका विमला तामाङ्ग र सान्त्वना पुरस्कार प्राप्त गर्ने युनिक एण्ड युनाईटेड

स्कूलका बसन्त राईलाई जिल्ला प्रहरी कार्यालयका डि.एस.पी.ले पुरस्कार वितरण गर्नुभएको थियो ।

यसैगरी अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा गत मंसीर २४ गते गाउँबाट शान्ति परियोजनाले भोजपुरमा *मानवअधिकार, शान्ति तथा नयाँ संविधान* विषयक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा गाउँबाट शान्ति परियोजना, नागरिक समाज, मानवअधिकार संस्था, महिला मानवअधिकार सञ्जाल र ईन्सेकको साझेदारीमा सम्पन्न भएको थियो । भोजपुर जिल्ला न्यायधिशको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा ३६ जनाको उपस्थिति रहेको थियो ।

## पूर्वाधार निर्माण

समुदायमा आधारित जनसंस्थाको मागमा, गाविसको सिफारिस र सम्बन्धित निकायहरूको सिफारिस तथा साझेदारीमा विभिन्न पूर्वाधार निर्माणका कामहरू भोजपुर जिल्लामा सञ्चालन भईरहेका छन् । सम्पूर्ण पूर्वाधार निर्माणको क्रियाकलापमा समुदायको लगानी पनि रहेको छ । पूर्वाधारहरू निम्न अनुसार रहेका छन्-

- चापाखोला सिंचाई, चरम्बी-६
- सोटिटार सिंचाई, जरायोटार
- श्री अरुणोदय माबि खानेपानी, चरम्बी
- पानीटार खानेपानी, किमालुङ
- प्रसुति गृह भवन, साङपाङ
- विजयबास सामुदायिक भवन, प्याउली
- आरुबोटे सामुदायिक भवन, देउराली
- श्री सरस्वती मा.वि.मा फर्निचर सहयोग
- श्री शारदा उच्च मा.वि.मा फर्निचर सहयोग
- भाम्राङ टाडे कृषि सडक, हेलौंछा

## गाउँस्तरीय राजनैतिक दलहरूसँग द्वन्द्व र शान्तिसम्बन्धी अन्तरक्रिया गोष्ठी

*दिगो शान्ति स्थापनामा स्थानीय समुदायको भूमिका* विषयक एकदिने गोष्ठी भोजपुरको साङपाङ र तिवारीभञ्ज्याङ गा.वि.स.मा गत पुस महिनामा सम्पन्न भयो । उक्त गोष्ठीमा समुदाय/स्थानीय विकासमा सम्पूर्ण राजनैतिक दलहरूको साझा बुझाई भई दिगो शान्ति स्थापनाको लागि गाउँबाट नै सुरुवात गर्नुपर्छ भन्ने विषयमा छलफल भएको थियो । सो कार्यक्रममा स्थानीय राजनैतिक दल, बुद्धिजीवी तथा समुदायमा आधारित जनसंस्थाहरू गरी २० जना महिला र ६२ जना पुरुषको सहभागिता रहेको थियो ।

## समुदायमा आधारित जनसंस्था तथा शान्ति समितिसँग अन्तरक्रिया

भोजपुरको प्याउली गा.वि.स., हेलौंछा गा.वि.स. र स्थानीय शान्ति समितिको समन्वयमा एक दिने शान्ति विषयक अर्न्तक्रिया गोष्ठी माघ महिनामा सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले द्वन्द्वलाई न्यूनीकरण गर्नको लागि शान्तिसम्बन्धी क्रियाकलापहरूको पहिचान गरिएको थियो । सो कार्यक्रममा स्थानीय राजनैतिक दल, बुद्धिजीवीहरू, गा.वि.स.का प्रतिनिधि तथा समुदायमा आधारित जनसंस्थाहरू गरी १६ जना महिला र ६९ जना पुरुषको सहभागिता रहेको थियो ।

## समुदायमा आधारित जनसंस्थाको स्थानीय शान्ति समितिसँग समन्वय र सञ्जाल

गाउँबाट शान्ति परियोजना अर्न्तगत समुदायमा आधारित जनसंस्थाहरूको क्षमता अभिबृद्धि गर्ने अभिप्रायले स्थानीय शान्ति समितिसँग शान्ति विषयक एक दिने छलफल तथा गोष्ठी गत पुस महिनामा सम्पन्न गरियो । उक्त गोष्ठीमा समुदायमा आधारित जनसंस्थाले शान्ति समितिसँग कुन कुन कार्यक्रममा समन्वय र सञ्जाल कायम गर्न सक्दछ भन्ने विषयमा छलफल भएको थियो । सो कार्यक्रम भोजपुर जिल्लाको जरायोटार र चरम्बी गा.वि.स.मा स्थानीय शान्ति समितिका प्रतिनिधिहरू, समुदायमा आधारित जनसंस्थाका प्रतिनिधिहरू, स्थानीय राजनैतिक पार्टीका प्रतिनिधिहरू तथा बुद्धिजीवीहरूको गरी ११ जना महिला र ३० जना पुरुषको सहभागिता रहेको थियो ।

गाउ□बाट शान्ति कार्यक्रमका लागि नेपाल ग्रामीण प'नर्निर्माण संस्था (आरआरएन) □ारा प्रकाशित चौमासिक ब'लेटिन

**सम्पर्क ठेगाना:**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोन: ४००५०८, ४४४३४९४, फ्याक्स: ४००४५०८
इमेल: rrn@rrn.org.np वेबसाइट: www.rrn.org.np
**कार्यक्रम सम्पर्क कार्यालय:** संखुवासभा, फोन : ०२९-५७५११४ / भोजपुर, फोन : ०२९-४२०५१५/४२००५७

'ufpF]6 zflGt **(Peace Building from Below-PBB)**' क्यानाडाली अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency-CIDA) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू- भोजपुर र संखुवासभामा संचालित एक कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य जीविकोपार्जन, मानवीय सहयोग, भौतिक पूर्वाधार तथा अन्य शान्ति निर्माणसँग सम्बन्धित क्रियाकलापहरूद्वारा समुदायमा आधारित संघ-संस्थाहरूलाई शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनमा अग्रसर गराई दिगो शान्ति स्थापनामा सहयोग पुऱ्याउनु रहेको छ ।